# भरतपुर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## भरतपुर, चितवन, बागमती प्रदेश

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना ।

*प्रथम पटक प्रकाशित मितिः २०८१/०१/३१*

भरतपुर महानगरपालिका अन्तर्गत शिवनगर प्राथमिक स्वास्थ्य केन्द्रमा स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्न आवश्यक स्वास्थ्यकर्मी *भरतपुर महानगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ (प्रथम संशोधन २०८०)* बमोजिम सेवा करारको माध्यमबाट पदपूर्ति गर्नुपर्ने भएकोले आवश्यक योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले प्रथम पटक यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र रितपूर्वक आवेदन भरी दरखास्त पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल-

| विज्ञापन नं. | पद | तह | सेवा | समूह | माग सङ्ख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| ३०/०८०/८१ | मेडिकल अधिकृत | आठौं | स्वास्थ्य | ज.हे.स. | २ (दुई) | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरह उत्तीर्ण गरी नेपाल मेडिकल काउन्सिलबाट दर्ता प्रमाणपत्र प्राप्त गरेको । |
| ३१/०८०/८१ | ल्याब टेक्नोलोजिष्ट | सातौं | स्वास्थ्य | मे.ल्या.टे. | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट बी.एम.एल.टी. (ल्याब टेक्नोलोजिष्ट) वा सो सरह उत्तीर्ण गरी नेपाल मेडिकल काउन्सिलबाट दर्ता प्रमाणपत्र प्राप्त गरेको । |

१. **दरखास्त दिने स्थानः** भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको राजस्व शाखामा तोकिएको दस्तुर बुझाएको रसिद लिई प्रशासन तथा जनशक्ति विकास शाखामा सम्पर्क गरी दरखास्त बुझाउन सकिनेछ ।

२. **दरखास्त दिने अन्तिम मिति —** मिति २०८१/०२/१४ गते कार्यालय समय (पाँच बजे) भित्र ।

३. **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः** आवेदक स्वंयले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपीहरु—

- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
- न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपी,
- चारित्रिक प्रमाणपत्र,
- कामसँग सम्बन्धित अनुभव भए सोको कागजात,
- तालिमको प्रमाणपत्र भए सोको प्रतिलिपि,

प्रमुख प्रशासकीय अधिकृत

- परिषद् दर्ता प्रमाणपत्रको प्रतिलिपि,
- ३ प्रति पासपोर्ट साइजको फोटो ।

४. **आवेदन दस्तुरः** रु. १२००।-

५. **छनौटको किसिमः** संक्षिप्त सूची प्रकाशन, लिखित परिक्षा तथा अन्तरवार्ता । लिखित परिक्षाको कार्यक्रम संक्षिप्त सूची सँगै प्रकाशन गरिनेछ ।

६. **उम्मेदवारको उमेरः** २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको । साथै भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको र नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको हुनुपर्नेछ ।

७. **सेवा सुविधाः** शिवनगर प्राथमिक स्वास्थ्य केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिको निर्णय अनुसार उपलब्ध हुनेछ ।

८. आवेदन फाराम महानगरपालिकाको वेबसाइट www.bharatpurmun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत